**मंगला गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड : ७ बाबियाचौर, म्याग्दी संख्या : ६ मिति : २०८१ साल असार १०**

भाग-२

मंगला गाउँपालिका

## "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८१

मंगला गाउँपालिकाको कार्यपालिकाको मिति २०७५/०१/१२ गतेको कार्यपालिकाको बैठकबाट स्वीकृत भई कार्यान्वयनमा रहेको "**"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५**" मा केही बुदाहरू थप गरी संशोधन गर्नुपर्ने भएकाले मंगला गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मंगला गाउँपालिकाको मिति २०८१/०३/०५ बसेको बैठकले कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नाम “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८१ रहेको छ ।

ख. यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. मुल कार्यविधिको दफा ६ पछि दफा ६(क) थप गर्नेः**

**६(क) संशोधनको व्यवस्थाः** (१) आवश्यक कागजात पेश भई संशोधनको लागि निवेदन पेश हुन आएमा तपसिलको अवस्था विद्यमान भएमा इजाजत पत्र संशोधन गर्न सकिनेछ ।

क. कम्पनी/फर्मको ठेगाना परिवर्तन भएमा,

ख. नामसारी भई स्वामित्व परिवर्तन भएमा,

ग. अन्य सामान्य थपघट गर्नु परेमा ।

(२) उपदफा (१) बमोजिम संशोधन भएमा संशोधनको लागि प्रतिलिपि प्रमाणपत्र जारी गरिनेछ ।

**आज्ञाले,**
**शिवकुमार पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**